जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ | अंक २६० | २०७९ साल जेठ ९ गते सोमबार (23 May 2022 Monday) | मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

ट्राफिक नियमको पालना गरौं।

- बाटो काट्दा जेब्रा क्रसिंगको प्रयोग गरौं,
- सडक बत्ति हेरेर मात्र बाटो काटौं,
- सडक तथा सडक किनारामा सवारी साधन जथाभावी पार्किङ्ग नगरौं,
- तोकिएको स्थानमा मात्र सवारी साधन पार्किङ्ग गरौं,
- पैदलयात्रीले फुटपाथ तथा आकासे पुलको प्रयोग गरौं।

सडक दुर्घटनाबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं !

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : प्रा जोशीको सात दशकको.. ३ पृष्ठमा : 'मुलुकमा नीतिगत सुनिश्चितता,.. ३ पृष्ठमा : एपेक बैठकमा रसियाके ...

# छिन्नमस्ता गाउँपालिका अध्यक्षमा २५ वर्षिय विद्यानन्द

**दैनिक समाचारदाता**
**राजविराज, ८ जेठ ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिकाको अध्यक्षमा लोसपाका उम्मेदवार २५ वर्षिय विद्यानन्द चौधरी निर्वाचित भएका छन् ।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) बाट उम्मेदवार बनेका चौधरी जसपाका सत्यनारायण यादवलाई १ हजार १ सय २९ मतले पछी पार्दै निर्वाचित भएका हुन् ।

आइतवार सार्वजनिक मतगणनाको अन्तिम परिणाम अनुसार चौधरी २ हजार ८ सय ९५ मत ल्याई निर्वाचित भएका हुन । उनी जिल्लामा सबभन्दा कम उमेरका पालिका प्रमुख भएका हुन् ।

यस्तै उपाध्यक्षमा भने नेकपा माओवादी केन्द्रकी राजोदेवी यादव २ हजार ४ सय ७२ मत ल्याई निर्वाचित भएकी छिन् । उनका निकटतम प्रतिद्वन्दी नेपाली काँग्रेसकी प्रमिला साहले १ हजार ५ सय



९५ मत प्राप्त गरिन ।

विद्यार्थीकाल देखी नै राजनीतिमा लागेका नवनिर्वाचित २५ वर्षिय चौधरी केही वर्ष यता जनताको घरदैलोमा पुगेर समाजिक गतिविधीमा सक्रिय थिए ।

आईतवार नै मुख्य निर्वाचन अधिकृत चन्द्रमणी ज्ञवालीको हातबाट सपथ लिएपछि जिल्ला कै कान्छा गाउँपालिका अध्यक्ष चौधरीले युवाहरुले समाजमा मात्र होईन राजनीतिक शैलीमा समेत परिर्वतन गर्न सक्छन भन्ने सन्देश दिने गरी काम गर्ने प्रतिक्रिया दिए ।

विगतको जनप्रतिनीधीहरुको कार्यकाल विवादीत रहेको र ३ वर्ष सम्म परिषद समेत हुन नसक्दा जनता विकासबाट बन्चित रहेकाले आफु यस्तो अवस्था आउन नदिन प्रयत्नसिल रहने बताए । प्रसिद्ध शक्तिपिठ छिन्नमस्ता भगवती मन्दिर समेत रहेको आफ्नो गाउँपालिकाको विकासका लागी सबैसित समन्वय गरी अघि बढ्ने उनले प्रतिबद्धता जनाए ।

उनले मातृ भाषा मैथिलीमा सपथ लिन खोजेको भएपनि मुख्य निर्वाचन अधिकृत ज्ञवालीले नियम कानुनले नमिल्ने आग्रह गरेपछि नेपाली मै सपथ लिन बाध्य भए ।

सोही क्रममा लोसपाका महदेवा गाउँपालिकाबाट नवनिर्वाचित अध्यक्ष सुनिल मण्डलले पनि सपथ लिएका छन् ।

# रुपनीमा लोसपाका उम्मेदवार निर्वाचित



**दैनिक समाचारदाता**
**राजविराज, ८ जेठ ।**

सप्तरीको रुपनी गाउँपालिकाको नतिजा सार्वजनिक भएसँगै सप्तरीको सम्पूर्ण स्थानीय तहको मतगणना सम्पन्न भएको छ ।

रुपनी गाउँपालिकामा लोसपाका दिनेशकुमार यादव चार हजार २६९ मतका साथ अध्यक्षमा निर्वाचित हुनुभएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । निकटतम प्रतिद्वन्द्वी जसपाका हरेराम यादवले तीन हजार ९३५ मत ल्याएको निर्वाचन अधिकृत सप्तरी जिल्ला अदालतका स्रेस्तेदार कुमार मास्कले जानकारी दिएका छन् ।

***बाँकी अन्तिम पृष्ठमा***

# डाक्नेश्वरीमा एमालेका उम्मेदवार विजयी



**दैनिक समाचारदाता**
**राजविराज, ८ जेठ ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिकाको प्रमुख र उपप्रमुखमा नेकपा (एमाले) का उम्मेदवार निर्वाचित भएका छन् ।

नगरप्रमुखमा एमालेका

***बाँकी अन्तिम पृष्ठमा***

# सप्तरीमा पाँच पालिकासहित काँग्रेस पहिलो

## एमाले, जसपा र लोसपा तीन/तीन, जनमत दुई तथा माओवादी र नेकपा एसलाई एक/एक पालिका

**दैनिक समाचारदाता**
**राजविराज, ८ जेठ ।**

सप्तरीको १८ वटै पालिकाको अन्तिम परिणाम आइतबार सार्वजनिक भएको छ । प्राप्त अन्तिम परिणाम अनुसार पाँच पालिकासहित काँग्रेस पहिलो स्थान हासिल गरेको छ ।

त्यस्तै एमाले, जसपा र लोसपाले तीन/तीन, जनमत दुई तथा माओवादी र नेकपा एसले एक/एक पालिकामा जित हासिल गरेको छ ।

घोषित परिणााम अनुसार जिल्लामा नेपाली काग्रेसले ३ नगरपालिका सहित ५ पालिका जितेर पहिलो स्थान हासिल गरेको हो । यस्तै जसपाले २ नगरपालिकासहित ३ पालिका, एमालेले १ नगरपालिका सहित ३ पालिका तथा लोसपाले ३ गाउँपालिकाको प्रमुख पदमा जित हात पारेको छ ।

यस्तै जनमत पार्टीले १ नगरपालिकासहित २ तथा नेकपा माओवादी केन्द्र र नेकपा एकिकृत समावादीले १/१ नगरपालिकामा जित हासिल गरेको छ ।

नेपाली काँग्रेसले सप्तकोशी नपा, कंचनरुप नपा, सुरुङ्गा नपा, तिरहुत गापा र तलाठी कोइलाडी गापा, जसपाले राजविराज नपा, विष्णुपुर गापा¶ र बोदेबरसाइन नपा, नेकपा एमाले डाक्नेश्वरी नपा, अग्निसाइर कृष्णासवरण गापा र राजगढ गापा, लोसपा महादेवा गापा, छिन्नमस्ता गापा र रुपनी गापा,

जनमतले हनुमाननगर कंकालिनी नपा र बलानबिहुल गापा, माओवादी केन्द्रले खडक नपा तथा नेकपा एसले शम्भुनाथ नपामा जित हासिल गरेको हो ।

आईतवार घोषित अन्तिम परिणाम अनुसार डाक्नेश्वरी नगरपालिकाको मेयर उपमेयर दुबै पद एमालेले तथा रुपनी गाँउपालिकाको अध्यक्ष र उपाध्यक्ष दुबै पद लोसपाले जितेको छ ।

यस्तै छिन्नमस्ता गाउँपालिकाको अध्यक्ष पद लोसपाले तथा उपाध्यक्ष पद माओवादी केन्द्रले हात पारेको छ ।

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

# बाबु र छोराको हत्या

लहान, ८ जेठ (रासस)।

सिरहाको अर्नमा गाउँपालिकामा गएराति बाबु र छोराको हत्या भएको छ। घरमै सुतिरहेको अवस्थामा सिरहाको अर्नमा गाउँपालिका- १ महनौर निवासी ६० वर्षीय चुलाही भन्ने चन्देश्वर पाल र उहाँका १९ वर्षीय छोरा सन्तकुमारको हत्या भएको हो।

सन्त कुमारको यही जेठ ११ गते विवाहको कुरा छिनिएको र गाउँमा विवाह गीत गाएर करिब १२ बजे सुतेपछि दुबैको हत्या भएको स्थानीयवासीले बताएका छन्। उनीहरुका अनुसार राति करिब १२ बजेसम्म गीत बजिरहेको थियो, बिहानपख करिब ३ बजे हत्याको घटना गाउँभरी फैलिसकेको हुनाले करिब २ बजेको आसपासमा सो घटना भएको हुनसक्छ ।

घटनाको जानकारी पाएलगतै बिहान ४ बजे पुगेको प्रहरीले घटनास्थलमा अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालयका नायब उपरीक्षक सुभाष बुढाथोकीले जानकारी दिनुभयो। "घटना भएको छ, हामीले विभिन्न ढङ्गले अनुसन्धान गरिरहेका छौं",प्रहरी उहाँले भन्नुभयो,"हत्या कसले र किन गरेको भन्नेबारेमा केही खुल्न सकेको छैन, हामीले अनुसन्धान गरिरहेका छौं ।" प्रहरीले अनुसन्धानका लागि तालिम प्राप्त कुकुरको पनि सहयोग लिएको जनाएको छ।

# थप ६ जनामा संक्रमण पुष्टि

काठमाडौँ, ८ जेठ (रासस)।

पछिल्लो समय कोरोना भाइरसको संक्रमण दर उल्लेख्य रुपमा घटेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आइतबार सार्वजनिक गरेको बुलेटिनमा दुई हजार २२६ जनामा परीक्षण गर्दा छ जनामा संक्रमण पुष्टि भएको छ।

मन्त्रालयका अनुसार सक्रिय संक्रमितको संख्या १४१ जना छन्। विगत २४ घण्टामा १३ जना संक्रमणमुक्त भएका छन्। योसँगै संक्रमणमुक्त हुनेको संख्या नौ लाख ६६ हजार ९७५ पुगेको छ। यो दर ९८.८ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

शून्य संक्रमित रहेका जिल्ला ३१ पुगेका छन्। नेपालमा संक्रमण दर १७.२ प्रतिशत छ। नेपालमा प्रति दश लाखमा ३९३.४ को निधन भएको छ। आइतबार १७ हजार ३०२ जनाले कोरोना भाइरस विरुद्धको खोप लगाएका छन्। हालसम्म होम आइसोलेशनमा १४०, संस्थागत आइसोलेशनमा एक र सघन उपचार कक्ष (आइसियु)मा एक जनाको उपचार भइरहेको छ।

### रुपनीमा ...

उपप्रमुखमा लोसपाकै पुष्पाकुमारी श्रेष्ठ ५६ मतको अन्तरले विजयी भएकी छिन्। श्रेष्ठले तीन हजार ७१० मत ल्याउँदा निकटतम प्रतिद्वन्द्वी जसपाकी बेचनीदेवी सरदारले तीन हजार ६५४ मत ल्याइन्। निकटतम प्रतिद्वन्द्वी रहेका हरेराम यादव र बेचनीदेवी सरदार गत निर्वाचनबाट अध्यक्ष र उपाध्यक्षमा निर्वाचित भएको थिए।

### डाक्नेश्वरीमा ...

रामलखन मलाहा पाँच हजार ८५४ मत ल्याएर निर्वाचित हुनुभएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ। निकटतम प्रतिद्वन्द्वीमा नेपाली कांग्रेसका नारायण यादवले पाँच हजार ३९६ मत ल्याएका छन्।

उपप्रमुखमा एमालेकै मीराकुमारी यादवले छ हजार १९७ मत ल्याएर निर्वाचित भएको निर्वाचन अधिकृत शम्भुनाथ मगरले जानकारी दिएका छन्। निकटतम प्रतिद्वन्द्वीमा जसपाकी इन्दुदेवी यादवले पाँच हजार २०९ मत ल्याए। इन्दुदेवी यादव निवर्तमान उपप्रमुख थिए।

# प्रा जोशीको सात दशकको अनुभव : अमेरिकाले अकल्पनीय विकास गर्‍यो

**मधुकर अधिकारी**

वाशिङ्टन डिसी, ८ जेठ (रासस)।

सुरुमा अध्ययन र पछि प्राध्यापन गरी उहाँले अमेरिकामा ५८ वर्ष बिताउनुभयो। सन् १९६४ मा अमेरिका आउनुभएका डा तुलसीराम जोशीले यहाँ आउने नेपालीको पहिलो पुस्ताको प्रतिनिधित्व गर्नुहुन्छ भन्दा फरक नपर्ला। अमेरिकामा अध्ययन अध्यापनमा उहाँका ५८ वर्ष बिते। यसबीचमा अमेरिकाले विकासमा मारेको फड्को कल्पनाबाहिरको रहेको उहाँको अनुभव छ। करिब सात दशकको आफ्नो अनुभव सुनाउँदै उहाँ भन्नहुन्छ, "अहिलेको अमेरिकाको सूचना प्रविधिको फड्कोलाई हेर्दा मलाई अचम्म लाग्छ, निकै रोमाञ्चक यात्रामा अहिले पनि अमेरिका।

कम रोमाञ्चक छैन आफ्नो जन्मस्थल बझाङदेखि अमेरिकाको हवाई राज्यसम्मको उहाँको यात्रा। सात दशकअघिको बझाङ र काठमाडौँकै यात्रा पनि कति कठिन थियो भनेर अनुमान मात्र गर्न सकिन्छ। अनि काठमाडौँबाट अमेरिकाको त झन् कुरै भएन।" बझाङबाट काठमाडौँका लागि चालेको पहिलो पाइलाले अमेरिकाको कल्पना सायदै गरेको थियो। तर सम्भव भयो र हवाइको होनोलुलुसम्मको यात्रा तय भयो। त्यो यात्रा यो युगको विज्ञान प्रविधिको विकासका कारण अहिलेको पुस्तालाई त सामान्य लाग्छ। तर उहाँले अहिले आफ्नो भोगाई सुनाउँदा भने यो पुस्तालाई कुनै दन्त्यकथा जस्तै लाग्न सक्छ।

अघिल्लो हप्ता उहाँसँग भने मैले उहाँको अमेरिका बसाइका विगत र वर्तमानमा बढी केन्द्रित भएर कुराकानी गरेँ। विश्वलाई ग्लोबल भिलेज भनेर नामाकरण भएको समयावधिमा अमेरिकाले विश्वव्यापी रुपमा आफ्नो आर्थिक, कूटनीतिक र सामरिकरुपमा सदैव उच्च स्थानमा राख्दै महाशक्ति राष्ट्रका रुपमा यसलाई कायम राख्दै आजको अवस्थासम्मलाई प्राध्यापक जोशीले एक साँचो साक्षीका रुपमा नियालिरहनुभएको छ। आफूले यहाँ प्रवेश गरेको सात दशकअघिको त्यो र यो अमेरिकामा के कति फरक आइसक्यो ? अनेकन देखाई र भोगाइका रोमाञ्चक क्षणहरु छन् उहाँसँग।

बझाङबाट अमेरिका जान सुरु भएको यहाँको यात्राले ११ दिनजति त पैदल नै थियो। यात्राका क्रममा रुखको फेदमुनि बस्नेदेखि भारतको रक्सौल, अमलेखगञ्ज हुँदै भीमफेदीबाट छिर्नुभयो उहाँ काठमाडौँ। कुराकानीको क्रममा जोशीले भन्नुभयो- अहिलेको पुस्तालाई किंवदन्ती जस्तो लाग्ने यात्राका क्रममा अनेकन कष्ट झेल्नुपरेको थियो। काठमाडौँ आएपछि तत्कालीन ईष्ट वेष्ट सेन्टरले प्रदान गरेको छात्रवृत्तिमा उहाँसहित चार जनाको समूह काठमाडौँबाट कलकत्ता, हङकङ टोकियो हुँदै अमेरिकाको होनोलुलुमा आइपुगेको थियो।

त्रिभुवन विश्वविद्यालयबाट प्रथम श्रेणीमा प्रथम भई तत्कालीन राजा महेन्द्रबाट स्वर्ण पदक प्राप्त गर्नुभएका जोशीको जीवन यात्रामा अध्ययनले महत्वपूर्ण फड्को मारेको छ। भूगोलमा स्नातकोत्तरको उपाधि युनिभर्सिटी अफ हवाईबाट प्राप्त गरेपछि उहाँले विद्यावारिधी भने पिटस्वर्गबाट गर्नुभयो। तर विद्यावारिधी गर्नपनि त्यो बेलामा त्यति सहज थिएन। पिटस्बर्ग विश्वविद्यालयबाट विद्यावारिधी गरेपछि उहाँले वेष्ट भर्जिनियाको फेरमन्ट विश्वविद्यालयमा अध्यापन सुरु गर्नुभएको थियो।

जोशीले आफ्ना विगतका अनुभव सुनाउनुभयो- मेरो अमेरिका बसाइको प्रारम्भ र अहिलेको तुलना गर्न निकै कठिन छ। किनकि अहिले सर्वाधिक धनी भएका व्यक्तिहरुको नाम, कम्पनीहरु त्यो वेला जन्मिएका पनि थिएनन। यसबाट तपाई सहजै अनुमान लगाउन सक्नु हुन्छ विगत २५ वर्षको अवधिमा अमेरिकामा सामाजिक, आर्थिक र सूचना प्रविधिको कसरी रुपान्तरण भयो।

जोशीले अमेरिकामा आएको परिवर्तनका बारेमा भन्नुभयो - अमेरिकामा कडा मेहनत गर्ने मानिसहरुले सफलता हासिल गर्न सक्छन्। यसैले यसलाई अवसरको भूमिको रुपमा लिइन्छ। त्यो बेलाको समयमा नेपालको विकट ग्रामीण भेगमा जन्मिएर अमेरिकाको विश्वविद्यालयमा प्राध्यापक हुन पाउनुमा पनि मेहनत र भाग्यको फल हो भन्ने लाग्छ।

विकासको नाममा भर्खर पहाडी चट्टानहरु खोस्रेर बाटो बनाउन बामे सर्दै गरेको नेपाल र त्यसको एउटा विकट जिल्लाको गाउँबाट झण्डै ६ दशक अगाडि अमेरिका आउनुभएका जोशीले अमेरिकाको पूर्वाधार निर्माण त्यो बेला पनि उस्तै भएको बताउनुहुन्छ। उहाँले विशाल अमेरिका भित्र निर्माण गरिएका फराकिला बाटाहरुको बारेमा टिप्पणी गर्दै भन्नुभयो- हामीले देख्दा पनि फराकिला सडकहरु देखेका थियौं, अहिले पनि ती सडक र त्यहाँ दौडने गाडीहरु उस्तै गतिमा दौडिरहेका छन् तर सूचना र प्रविधिको फड्कोसँगै यात्रामा धेरै सुविधा आएको छ।

अमेरिकामा स्थायी रुपमा बसोबास गर्न आउने पहिलो पुस्ताको प्रतिनिधित्व गर्नुहुने जोशी अमेरिकामा स्थापित हुन यसरी सुझाउनुहुन्छ। उहाँको पहिलो सुझाव हो- अमेरिकामा बस्ने भएपछि सानो भएपनि अध्ययनको डिग्री लिन आवश्यक छ। दोस्रो यहाँको सरकारी एकाई र तिनीहरुले प्रदान गर्ने सेवा सुविधाबारे जानकारी पाउँदा फाइदा पुग्छ। उहाँकै शब्दमा राम्रो 'क्रेडिट' को व्यवस्थापन गर्न सके यहाँ बस्ने नेपालीलाई सहज हुनेछ भने चौथो यहाँको मौसमबारे हर व्यक्ति अभ्यस्त हुनु जरुरी छ।

जीवन यात्रामा अनेकन आरोह अवरोह भोग्नुभएका जोशीले सन् १९८८ मा नै एएनए छात्रवृत्ति कार्यक्रममार्फत ५० जना जेहेन्दार विद्यार्थीलाई फेरमन्ट विश्वविद्यालयमा ल्याएर पठनपाठनको व्यवस्था गर्नुभएको थियो। उहाँले भन्नुभयो- यो मेरो एउटा सानो प्रयास थियो, यस मार्फत् केही विद्यार्थी भाईबहिनीहरुले पढ्ने मौका पाउनु भयो। तपाई जहाँ बसेपनि तपाईसँग उपलब्ध स्रोत र साधनको परिचालन मार्फत् कसैको जीवन परिवर्तन गराउन सक्नुहुन्छ भने त्यो तपाईको जीवनका उत्तरार्द्धमा पनि सन्तोषपूर्वक जीवन व्यतित गर्न सक्नुहुन्छ। लामो समय प्राध्यापनमा बिताउनुभएका जोशीलाई यही कुराले सदैव प्रेरित गरिरहयो। उहाँ अहिले यहाँ अवकाश जीवनमा हुनुहुन्छ।

जोशीले अमेरिकाको शिक्षा, पूर्वाधारको विकास र प्राविधिक सीपलाई अंगीकार गरेर त्यसमार्फत् नेपालको बहुआयमिक विकासमा टेवा दिनुपर्ने बताउनुहुन्छ। नेपाल अमेरिका सम्बन्धको ७५ वर्षको अवसरमा उहाँको धारणा छ - अमेरिकाले नेपाल र नेपालीलाई सदैव मित्रवत व्यवहार गरेको पाएको छु। एक प्राध्यापक भएको नाताले मलाई के लाग्छ भने अमेरिकाले शिक्षा क्षेत्रमा हजारौं नेपाली विद्यार्थीहरुलाई छात्रवृत्ति मार्फत अध्ययनको अवसर दिएको छ भने अर्कातर्फ नेपालको विकासमा पनि अमेरिकाको ठूलो योगदान रहेको छ। अमेरिकी नागरिक र नेपाली नागरिक बीच एक मजबुत सम्बन्ध स्थापित हुन सफल भएको छ। अमेरिकामा रहेका नेपाली संघसंस्थाहरु राम्रो भएपनि उनीहरुको कार्यशैली तलदेखि नै परिवर्तन गर्नुपर्ने उहाँको सुझाव छ। मपाईत्व र दम्भ देखाउनेहरु संस्थामा बसेर गैर नाफामुलक संस्थाको भावना र मर्ममाथि नै प्रहार गरेका छन् जस्तो लाग्छ। जोशीले भन्नुभयो- संगठीत हुनु साह्रै राम्रो काम हो तर त्यो सञ्चालन गर्ने फ्रेमवर्क संस्थागत छैन यो चिन्ताको विषय हो। हामी नेपालीहरुमा अझै पनि आफूले कमाएको सम्पत्ति भावी सन्ततिको लागि जम्मा गर्ने प्रवृत्ति छ, त्यो भन्दा मलाई के लाग्छ भने समाजको लागि योगदान गर्न सके त्यसले थप अवसर सिर्जना गर्नसक्छ।

प्रवासी भूमिमा आफ्नो सम्पूर्ण जीवन व्यतित गरेको भएपनि नेपालको गरिबी र अशिक्षाको लागि सदैव हातेमालो गरेको उहाँ बताउनुहुन्छ। मैले जीवनमा आफ्नो व्यावसायिक रुपमा प्राध्यापन पेशा अँगालेर जति कमाएँ त्यसको महत्वपूर्ण हिस्सा समाजलाई नै समर्पित गरेको छु भन्नुहुन्छ जोशी। मैले प्रारम्भिक दिनहरुमा वार्षिक १० हजार डलरमा काम सुरु गरेको थिएँ, आफ्नो घरायशी खर्च कटाएर भए पनि मैले सामाजिक दायित्व पूरा गरेँ भन्ने लाग्छ। जोशीले आफ्नो विगत सम्झिँदै भन्नुभयो- मैले केही गरे भन्दा पनि मेरो कामले प्रभावित हुनु भएकाहरुले मूल्याङ्कन गर्नुहुनेछ भन्ने लाग्छ।

जीवनमा प्राप्त भएका वस्तु र साधनहरुलाई महत्वपूर्ण मान्दै वास्तविक आवश्यकता भएका मानिसहरुलाई सहयोग गर्नु र उनीहरुलाई बाटो देखाउन सक्ने व्यक्ति बन्नु नै सार्थक जीवन हो भन्नुहुन्छ उहाँ। आफ्नो जीवनमा गरेका कामहरुप्रति खुसी हुनुहुन्छ प्राध्यापक जोशी। भन्नुहुन्छ- हामीले मानव चोला लिएर जन्मिएपछि एकपटक अनन्त यात्रामा जानु नै छ, तसर्थ कुनै कुरा आशक्त जीवन भन्दा समाजलाई केही दिन सकौं भन्ने मेरो धारणा छ।

आफ्नो जीवनकालमा महत्वपूर्ण अवार्ड प्राप्त गर्नुभएको छ उहाँ। उहाँले राष्ट्रपति डोनाल्ड ट्रम्पबाट सर्भिस अवार्ड, भर्जिनिया राज्यका तीन गभर्नरहरुबाट सम्मान प्राप्त गर्नुभएको छ। जोशीसँग फेरमन्ट युनिभर्सिटीमा ४२ वर्ष प्राध्यापनको जिम्मेवारी पूरा गरेको अनुभव। गतवर्ष मात्र उहाँलाई सोही विश्वविद्यालयले विशेष सम्मान गरेको थियो। यसरी सम्मानित हुने उहाँ एक मात्र नेपाली हुनुहुन्छ। उहाँ र उहाँकी श्रीमती मर्लिनको सम्मानमा फेरमन्ट विश्वविद्यालयले उहाँहरुकै नाममा कार्यालय

*बाँकी तीन पृष्ठमा*

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# 'मुलुकमा नीतिगत सुनिश्चितता, पद्धति र प्रणालीगत सुधारको खाँचो'

काठमाडौँ, ८ जेठ (रासस)।

मुलुकको पद्धति र प्रणालीगत सुधार नभएसम्म नागरिकले सोचेको जस्तो विकास हुन नसक्ने काठमाडौँमा आयोजित एक कार्यक्रममा औँल्याइएको छ। अर्थविज्ञ डा स्वर्णिम वाग्लेको 'अतृप्त अवसर' पुस्तक विमोचन तथा समसामयिक अर्थ राजनीतिक विमर्शमा सहभागी समाजशास्त्री, अर्थविज्ञ तथा राजनीतिज्ञले उक्त कुरामा जोड दिनुभएको छ।

राष्ट्रिय योजना आयोगका पूर्वसदस्य समाजशास्त्री उषा झाले नेपालमा सबै कुरा ठीक भए पनि 'प्रणाली' नरहेको बताउनुभयो। मुलुकलाई दीगो विकासतर्फ लैजाने हो भने नागरिकलाई अगाडि राखेर हेर्नुपर्नेमा उहाँको जोड थियो। पाँच वर्षको काम सोचेर योजना बनाउँदैमा विकास नहुने तर्क गर्दै उहाँले भन्नुभयो, "बढ्नुपर्छ, पाँच वर्षको योजनाले मुलुकमा दीगो विकास हुन्न, कम्तीमा २५ वर्षको योजना निर्माण गर्नुपर्छ, त्यो गरेन भने पुस्तकको शीर्षक जस्तै विकासमा जहिले पनि अतृप्त अवसर रहिरहन्छ।"

समाजशास्त्री झाले थप्नुभयो, "सरकार जस्तो सुकै आओस् चलिरहेको कुरामा कहाँ अतृप्त अवसर छन् त्यसमा उसले थप्नसक्छ, तर योजना २५ वर्षको बनाएर कार्यान्वयन गर्नुपर्छ।" उहाँले शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षामा ध्यान दिनसके आर्थिक विकास र मानव संशाधन विकासमा सघाउ पुग्नेमा उहाँको भनाइ थियो। उहाँले नीति निर्माणका हिसाबले नेपाल धनी रहेको तर त्यो कागजमै सीमित रहेको जिकिर गर्नुभयो।

पुस्तकका लेखक अर्थविज्ञ डा स्वर्णिम वाग्लेले विगतमा नेकपाको सरकारसँग धेरे अवसर हुँदाहुँदै काम गर्न नसकेको टिप्पणी गर्दै कुर्सीमा जाने मात्रै होइन विकासको खाका पहिलेदेखि नै तयार गरेर राजनीतिक पार्टीले काम गर्नुपर्नेमा जोड दिनुभयो। "नेकपाको सरकारले त्यसबेला सुरुको वर्ष स्थिरताका सवालमा केही राम्रा कुरा गरेको हो। अर्को वर्ष असाधारण अवसरमा उपलब्धि औषत भयो, मैले मेरो किताबमा उल्लेख गरेको छु, तेस्रो वर्ष अस्थिरताले काम भएन, सबै क्षेत्रमा धावा बोल्ने काम मात्रै भयो", उहाँले भन्नुभयो।

दलहरुमा के गर्ने भनेर पूर्वतयारी नै हुन्न। यसका लागि फराकिलो टिम चाहिन्छ, त्यो हुन सकेन यस्ता कमजोरीबाट अब सिक्नुपर्छ, आउँदो सरकार जोगिनुपर्छ, उहाँले सुझावात्मक टिप्पणी गर्नुभयो। उहाँले कुर्सी मात्रै जोगाएर केही नहुने भएकाले नीतिगत सुनिश्चितता, पद्धति र प्रणालीगत सुधार जरुरी रहेको बताउनुभयो। राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष वाग्लेले शक्ति पृथकीकरणमा राजनीति हावी हुँदै गएको महसुस भएको बताउँदै नागरिक समाजबाट संरचनामा पुनःमूल्याङ्कन गर्न जरुरी छ भन्नुभयो। उहाँले राजनीति सङ्लो नभई मुलुक विकासतर्फ अघि नबढ्ने जिकिर पनि गर्नुभयो। वाग्लेले पूर्वाधारमा मात्रै बजेट खन्याउँदैमा अपेक्षित प्रतिफल नआउने दावी गर्नुभयो।

बहसमा भाग लिँदै नेपाली कांग्रेसका महामन्त्री गगन थापाले दलमा तयारी नपुग्दा सरकारमा पुगेपछि कसरी कुर्सी जोगाउने र कसरी सरकार बदल्ने भन्ने खेलमा मात्रै ध्यान पुग्ने गरेको उल्लेख गर्नुभयो। दलहरु सच्चिनुपर्ने स्वीकार गर्दै नेता थापाले कांग्रेसले त्यो अभ्यास सुरु गरिसकेको पनि बताउनुभयो। त्यसको पहिलो काम सदस्यता वितरण प्रणालीबाटै सुरु भएको थापाले तर्क प्रस्तुत गर्नुभयो।

विगतमा सरकारले गरेका राम्रा र नराम्रा कामबाट सिक्दै अघि बढ्ने उहाँले प्रतिबद्धता जनाउनुभयो। "अब पाँच वर्ष अवसर पाउँदा हामी हरेक वर्ष यो काम गर्ने भन्ने तयारीका साथ जानेछौँ, विधागत रुपमा आएका मान्छेहरुको सहयोग लिनेछौँ", थापाले योजना सुनाउनुभयो।

उहाँले सरकार गठन हुँदैमा सबै काम गर्न नसक्ने बताउँदै त्यसमा सबै नागरिकको उत्तिकै जिम्मेवारी रहने बताउनुभयो। थापाले भन्नुभयो, "अहिलेसम्म कुनै पनि राजनीतिक दलभित्र सरकारमा कसरी पुग्ने भन्ने मात्रै तयारी छ, त्यसपछि के गर्ने भन्ने तयारी शून्य छ, त्यसलाई बदल्न सक्नुपर्छ।" उहाँले कांग्रेसले पार्टीको सदस्य प्रणालीलाई सुधार्नुपर्छ भनेर काम शुरु गरिसकेको बताउनुभयो। उहाँले निर्वाचनमा उम्मेदवारी चयन गर्ने विषय पनि स्थानीयस्तरबाटै छनोट गर्नुपर्छ भन्नुभयो।

उहाँले कुनै पनि एजेण्डाका साथ म कांग्रेसबाट चुनाव लड्छु भनेर कोही आयो भने, उसले लड्न पाउने गरी व्यवस्था आओस् भन्ने कोसिस हाम्रो छ, भन्नुभयो। उहाँले पार्टी सुदृढीकरण पनि जरुरी रहेको औँल्याउनुभयो।

## प्रा जोशीको सात ...

स्थापना गरेर सम्मान दिएको छ। अमेरिकी विश्वविद्यालयहरुले आफ्ना प्रतिष्ठित प्राध्यापकहरुको नाममा विश्वविद्यालयको भवन र प्रशासनिक कक्षहरुको नामाकरण गरेर सम्मान दिने प्रचलनको सुरुआत गरेको छ।

उहाँहरुले अन्तर्राष्ट्रिय विद्यार्थीहरुलाई सघाउन महत्वपूर्ण सहयोग गरेवापत उक्त सम्मान दिइएको विश्वविद्यालयले जनाएको छ। जोशीले भन्नुभयो- न्यून आम्दानी भएका मेहनती र जेहेन्दार विद्यार्थीहरुले विश्वव्यापी रुपमा आफूलाई प्रतिस्पर्धी बनाउन सकुन् भन्ने अभिप्रायले मैले सहयोग गरेको हुँ, मेरो यो भावनालाई विश्वविद्यालयले कदर गरेको छ, यसमा म खुसी छु। जीवनमा आफूले कमाएको रकम दान गर्दै आउनुभएका जोशीले धनगढीमा दुई वटा विद्यालयलाई रु ७० लाख र बझाङ्गमा रु ३६ लाख गरी एक करोड ४४ लाख भन्दाबढी दान दिईसक्नु भएको छ। जोशीले हालसालै मात्र आफ्नो जन्मस्थल सुदूरपश्चिमका लागि छात्रवृत्ति स्थापनाको लागि रु १४ लाख भन्दा वढी दान दिने घोषणा गर्नुभएको छ। यसैगरी अमेरिकामा आफनो जीवन जोडिएका विश्वविद्यालयहरु फेरमन्ट विश्वविद्यालय र पिटसवर्गलाई समेत गरी करिब ३ लाख ७६ हजार डलर उहाँले दान दिनुभएको छ। आफूले कमाएको रकमबाट ५ लाख डलर दान दिने नेपालीमध्ये थोरैमा उहाँ पर्नुहुन्छ। विश्वको जुनसुकै देशमा रहेपनि नेपाल र नेपालीको स्मरण सदैव रहने भएकाले हरेकले आफू जन्मिएको गाउँठाउँका लागि सानो भए पनि सहयोग गरौँ भन्ने आह्वान छ उहाँको। सबै नेपालीलाई जो जहाँ रहे या भए पनि आगामी पुस्ताको मार्ग दर्शक बन्न सकौँ भन्ने सुझाव दिनुहुन्छ जोशी। बझाङको छबिस पथिभेरा गाउँपालिका तामाखानीमा विसं १९९५ मा जन्मिनुभएका प्रा जोशीले त्रिभुवन विश्वविद्यालयबाट भूगोल विषयमा स्नातकोत्तर गर्नुभएको हो। उहाँले पछि अमेरिकाको युनिभर्सिटी अफ पिटस्बर्गबाट विद्यावारिधी गर्नुभयो। हाल उहाँ अमेरिकाको वेस्ट भर्जिनियामा बस्नुहुन्छ।

## वीरगञ्जमा गठबन्धनका प्रमुख/उपप्रमुखको अग्रता कायमै

वीरगञ्ज, ८ जेठ (रासस)।

पर्साको वीरगञ्ज महानगरपालिकाको पछिल्लो मतगणना अनुसार प्रमुखमा पाँच दलीय गठबन्धनबाट जनता समाजवादी पार्टी (जसपा)का उम्मेदवार राजेमान सिंहले निकटतम प्रतिद्वन्द्वीभन्दा १५ हजार ८९५ मतान्तरले अग्रता लिनुभएको छ।

वीरगञ्जमा आइतबार साँझ सम्मको मतमतगणनाको अद्यावधिक विवरणानुसार सत्ता गठबन्धनबाट प्रमुखका उम्मेदवार राजेशमान सिंहले ३३ हजार ३१५ मतसहित अग्रतालाई निरन्तरता दिनुभएको हो। उहाँका प्रतिस्पर्धी नेकपा (एमाले)का उम्मेदवार विजयकुमार सरावगीले १७ हजार ४२० मत प्राप्त गर्नुभएको छ।

यसैगरी उपप्रमुख पदमा पनि गठबन्धनकै उम्मेदवार इम्तियाज आलमले २२ हजार ८१३ मतसहित अग्रतालाई निरन्तरता दिनुभएको छ भने उपप्रमुख पदका उम्मेदवार लोसपाका पुरुषोत्तमलाल झाले पाँच हजार ५४९ मत प्राप्त गर्नुभएको छ।

यहाँ नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) र जनता समाजवादी पार्टी (जसपा)काबीच गठबन्धन गरिएको थियो भने नेकपा (एमाले) र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)बीच तालमेल भएको छ।

३२ वटा वडा रहेको वीरगञ्ज महानगरमा हालसम्म विभिन्न १५ वटा वडाको मतगणना सम्पन्न भएको छ।

## इटहरीको प्रमुखमा कांग्रेस र उपप्रमुखमा एमाले

इनरुवा, ८ जेठ (रासस)।

सुनसरी इटहरी उपमहानगरपालिकाको प्रमुखमा नेपाली कांग्रेसका उम्मेदवार हेमकर्ण पौडेलले ३३ हजार ४९ मत ल्याई विजयी हुनुभएको छ। उहाँका निकटतम प्रतिद्वन्द्वी नेकपा(एमाले) का यामकुमार चुङवाङ सुब्बाले २८ हजार ३१ मत प्राप्त गर्नुभएको छ।

यसैगरी उपप्रमुखमा एमालेका उम्मेदवार सङ्गीताकुमारी चौधरी ३२ हजार ४३६ मतसहित विजयी हुनुभएको छ। उहाँका निकटतम् प्रतिद्वन्द्वी नेकपा (एकीकृत समाजवादी)का उम्मेदवार केशवकुमार विष्ले १८ हजार ३१ मत प्राप्त गर्नुभएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

# विश्व समाचार

## एपेक बैठकमा रसियाको विरोध

व्याङकक, ८ जेठ (रासस/एपी)।

एशिया-प्रशान्त आर्थिक सहयोग (एपेक) समूहका वाणिज्य मन्त्रीको शनिबार यहाँ भएको बैठकमा संयुक्त राज्य अमेरिका, क्यानडा र तीन अन्य राष्ट्रका प्रतिनिधिले युक्रेनमा जारी रुसी आक्रमणको विरोध गरेका छन्।

बैठकको उद्घाटनसत्रमा रुसी प्रतिनिधिले सम्बोधन गर्न थालेपछि उनीहरू बैठककक्षबाट बाहिरिएका हुन्। एकजना जापानी अधिकारीका अनुसार जापानका वाणिज्यमन्त्री कोइची हागिउडाका साथ अमेरिका, क्यानडा, अष्ट्रेलिया र न्युजिल्याण्डका वाणिज्यमन्त्री युक्रेनमा रुसको आक्रमणको विरोध गर्न बैठकबाट बाहिर निस्केका थिए।

युक्रेनमा जारी रुसी आक्रमणबाट कोभिड-१९ को महामारीले तहसनहस बनाएको अर्थतन्त्रमा थप प्रभाव परेको तथा आर्थिक सुधारका गतिविधिलाई सुस्त बनाउनका साथै मानवजीवन नराम्ररी प्रभावित बनाएकाले विरोधस्वरुप आफूहरूले रुसी समकक्षीको उद्घाट सम्बोधन बहिष्कार गरेको न्युजिल्याण्डका वाणिज्यमन्त्रीको कार्यालयले जनाएको छ।

क्यानडाका अन्तरराष्ट्रिय व्यापारमन्त्री मेरी एनजीले आफ्नो देशले युक्रेनमा गरिएको भीषण आक्रमणका लागि रुसलाई जवाफदेही बनाउन धेरै कारबाही गरिसकेको तथा राष्ट्रपति भ्लादिमिर पुटिन र उनलाई उकास्नेविरुद्ध कडा प्रतिबन्ध समावेश गरिएका बताउँदै सबैले दबाब जारी राख्नुपर्नेमा जोड दिनुभयो।

रुसी वाणिज्यमन्त्री रेशेत्निकोभले मन्तव्य पूरा गरेपछि उनीहरू सबैजना बैठकमा पुनःसहभागी भएका थिए। अमेरिकासहितका वाणिज्यमन्त्रीको बैठक बहिष्कार योजनाबद्ध भएको बैठकमा सहभागी एक पर्यवेक्षकले बताए।

पश्चिमी राष्ट्रहरूले युक्रेनमाथिको आक्रमणको विरोध गर्दै रूसमाथि कडा कूटनीतिक एवम् आर्थिक प्रतिबन्ध लगाएका छन्भने धेरै एपेक सदस्य राष्ट्र तथा विशेष गरी दक्षिणपूर्वी एसिया र ल्याटिन अमेरिकी देशले त्यस्ता कदमबाट आफूलाई टाढा राखेका छन्। युक्रेनको युद्धले व्यापारिक समस्या बढाएको छ भने त्यसले खाद्य क्षेत्रमा आपूर्ति शृङ्खला अवरुद्ध गरेको पारेको छ।

सन् १९८९ मा सदस्य राष्ट्रबीच आर्थिक एकीकरण र व्यापार प्रवर्द्धन गर्दै आर्थिक वृद्धिलाई बढावा दिन एपेक स्थापना गरिएको हो।

## युक्रेनद्वारा युद्धविराम अस्वीकार

किएभ, ८ जेठ (रासस/रोयटर्स)।

डोनबास क्षेत्रमा भीषण सङ्घर्ष जारी भए पनि युक्रेनले युद्धविरामलाई अस्वीकार गरेको छ।

रूसले पूर्वीडोनबास क्षेत्रमा व्यापक आक्रमणलाई बनाइरहेका बेला युक्रेनले युद्धविराम वा मस्कोलाई सहुलियत दिन अस्वीकार गरेको हो।

रणनीतिक दक्षिणपूर्वी शहर मारिउपोलमा अन्तिम युक्रेनी लडाकुले प्रतिरोध समाप्त गरेपछि रुसले डोनबासका दुई प्रान्त मध्येको एक लुहान्स्कमा भीषण आक्रमण गरिरहेको छ।

रुसी-समर्थित पृथकतावादीले फेबुवरी २४ मा आक्रमण गर्नु अघि लुहान्स्क र छिमेकी डोनेट्स्क प्रान्तको ठूलो भू-भाग नियन्त्रण गरिसकेका भए पनि मस्कोले युक्रेनको नियन्त्रणमा रहेको डोनबास कब्जा गर्न चाहेको छ।

रुसी सेनाले स्लोभ्यान्स्क र सिभिएरोडोनेत्स्क सहरमा आक्रमण गर्ने प्रयास गरिरहेको तर युक्रेनी सेनाले उनीहरूको दुष्प्रयासलाई असफल पारेको जानकारी दिँदै युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले डोनबासको अवस्था अत्यन्तै कठिन भएको बताउनुभएको छ।

राष्ट्रपति जेलेन्स्कीका सल्लाहकार मिखाइलो पोडोल्याकले युद्धविराममा सहमत हुन अस्वीकार गर्दै किएभले मस्कोसँगको कुनै पनि सम्झौता स्वीकार नगर्ने स्पष्ट गर्नुभएको छ।

युद्ध नरोकिने बताउँदै उहाँले त्यसो गर्दा मस्कोले नयाँ आक्रमण गर्ने तथा भारी मात्रामा रक्तपात हुने युक्रेनका प्रमुख वार्ताकार पोडोल्याकले कडा सुरक्षामा राखिएको राष्ट्रपति कार्यालयमा भएको अन्तरवार्तामा रोयटर्सलाई बताउनुभयो।

यसैबीच, अमेरिकी रक्षामन्त्री लोयड अस्टिन र इटालीका प्रधानमन्त्री मारियो ड्राघीबाट तत्काल युद्धविरामको लागि आह्वान गर्नुभएको छ।

## बिहारमा आँधीबाट ३३ को मृत्यु

नयाँदिल्ली, ८ जेठ (रासस/सिन्ह्वा)।

भारतीय पूर्वीराज्य बिहारमा आएको आँधीमा परेर कम्तीमा पनि ३३ को ज्यान गएको छ। बिहीबारदेखि भारी वर्षासहित आएको आँधीले यहाँ जनधनको ठूलो क्षति भएको पनि बताइएको छ।

बिहार राज्यका मुख्मन्त्री नितिश कुमारलाई उद्धृत गर्दै यहाँका स्थानीय सञ्चारमाध्यमले दिएको समाचारअनुसार बिहीबारदेखि सुरु भएको वर्षा तथा हावाहुरीले यहाँका ३३ को ज्यान लिएको छ।

यस राज्यका करिब १६ जिल्लामा आँधीले असर गरेको छ। सो आँधीमा परेर सयौँ घर भत्काइदिएको छ भने अरु भौतिक संरचनामा पनि क्षति पुगेको छ।

भत्किएका घरको पुनःनिर्माणका साथै अन्य सहायताका लागि यहाँका सुरक्षा निकायलाई मुख्यमन्त्रीको कार्यालयले निर्देशन दिएको बताइएको छ।

साथै मुख्यमन्त्रीको कार्यालयले उक्त आँधीमा परेर ज्यान गुमाएका व्यक्तिका परिवारलाई चार लाख भारतीय रुपैयाँ सहयता दिने घोषणा पनि गरेको समाचारमा जनाइएको छ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आँधीले पुऱ्याएको क्षतिप्रति दुःख व्यक्त गर्नुभएको छ।

डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh

MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734

# दोहोऱ्याएर उम्मेदवारी दिएका आतेश र सरिता मात्र निर्वाचित





**दैनिक समाचारदाता**
**राजविराज, ८ जेठ ।**

सप्तरीमा यस पटकको स्थानीय तहको निर्वाचनमा दोहोऱ्याएर उम्मेदवारी दिएका मध्येबाट प्रमुखमा आतेश कुमार सिंह र उपमेयरमा सरिता यादव मात्र निर्वाचित भएका छन् ।

जिल्लाको बोदेबरसाइन नगरपालिकामा जसपाबाट दोश्रो पटक प्रमुख पदमा उम्मेदवारी दिएका आतेश कुमार सिंह निर्वाचित भएका हुन् । यसअघिको निर्वाचनमा उनी जिल्लाकै कान्छो प्रमुखको रुपमा निर्वाचित भएका थिए ।

त्यस्तै ४२ वर्षिया सरिता यादव सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाको उपप्रमुखमा दोश्रो पटक निर्वाचित भएकी छिन् । जसपाबाट उम्मेदवार रहेकी यादवले निकटतम प्रतिद्वन्दी जनमत पार्टीकी रेखा देवी मण्डललाई ६ सय १० मतको अन्तरले पराजित गरेको मुख्य निर्वाचन अधिकृत चन्द्रमणी ज्ञवालीले जानकारी दिए । यादवले ६ हजार ५ सय ९२ मत ल्याउदा मण्डलले ५ हजार ९ सय ८२ मत प्राप्त गरीन ।

मेयरमा भने जनमत पार्टीका बिरेन्द्र माझी निर्वाचित भए । अघिल्लो निर्वाचनमा जितेर यस पल्टको निर्वाचनमा समेत विभिन्न सात पालिकामा निर्वतमान उपप्रमुख र उपाध्यक्षले उम्मेदवारी दोहऱ्याएका थिए ।

प्रमुख/अध्यक्ष पदमा दोहऱ्याउनेहरुमा सप्तकोशी नपाबाट उत्तम गौतम, हनुमाननगर कंकालिनी नपाबाट शैलेश साह, तिरहुत गापाबाट हेमन्त बहरखेर, अग्निसाइर कृष्णासवरण गापाबाट पर्शुराम चौधरी, रुपनी गापाबाट हरेराम यादव, राजविराज नपाबाट शम्भु प्रसाद यादव, खडक नपाबाट हेमायु हक, बलान बिहुल गापाबाट दयानन्द गोइत, राजगढ गापाबाट प्रमानन्द यादव, छिन्नमस्ता गापाबाट सूर्यनारायण मण्डल, तिलाठी कोइलाडी गापाबाट सतिश सिंह, विष्णुपुर गापाबाट लिलाम्बर यादव यस पटक पराजित भए ।

त्यस्तै उपाध्यक्ष/उपप्रमुखमा दोहऱ्याउनेहरुमा हनुमाननगर कंकालिनी नगरपालिमा जसपाबाट सरिता देवी सिपलिया यादव, राजविराज नगरपालिकामा लोसपाबाट साधना झा, खडक नगरपालिकामा काँग्रेसबाट यासमिन सुल्तान, रुपनी गाउँपालिकामा जसपाबाट बेचनी देवी सरदार, छिन्नमस्ता गाउँपालिकामा लोसपाबाट उषा मण्डल, शम्भुनाथ नगरपालिकामा लोसपाबाट कविता सरदार तथा डाक्नेश्वरी नगरपालिकामा जसपाबाट इन्दु यादव छिन् ।

ती मध्येका विजयी हुने सरिता देवी सिपलीया यादव एक्ली उम्मेदवार हुन् । उनले आफ्नो पहिलो कार्याकालमा भएका विकास निर्माणका कार्याबाट प्रभावित भई नगरवासीले पुनः अवसर दिएको बताई । उनले आफ्नो काम र व्यवहारले जनताको मन र निर्वाचन दुबै जित्न सफल भएको प्रतिकिया दिईन ।

# प्राध्याक विश्वकर्मा तथागत शिखर पुस्कारबाट सम्मानित




**दैनिक समाचारदाता**
**राजविराज, ८ जेठ ।**

त्रिभुवन विश्व विद्यालयको हिन्दी केन्द्रीय विभाग किर्तिपुरका प्राध्यापक विनोद कुमार विश्वकर्मा प्रथम अन्तर्राष्ट्रिय तथागत शिखर पुरस्कारबाट सम्मानित भएका छन् ।

विगत लामो समयदेखि हिन्दी तथा नेपाली भाषा, साहित्यको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएको भन्दै सिद्धार्थ तथागत कला साहित्य संस्था भारतले प्राध्यापक विश्वकर्मालाई सम्मान गरेको हो ।

भारतको लखनउमा आयोजित एक विशेष कार्यक्रमका बीच संस्थाले प्राध्यापक विश्वकर्मालाई नगद, मेडल तथा प्रमाणपत्रका साथ सम्मान गरेको छ ।

भाषा र साहित्यको क्षेत्रका बिशेष योगदान पुऱ्याउने व्यक्तित्वलाई प्रदान गर्दै आएको सो सम्मानबाट दलित समुदायको पहिलो व्यक्ति रुपमा प्राध्यापक विश्वकर्मा सम्मानित भएका हुन् ।

नेपालमा हिन्दी भाषाका गोल्ड मेडलिष्ट समेत रहनुभएका प्राध्यापक विश्वकर्माले दुई दर्जन भन्दा बढी नेपाली तथा हिन्दी भाषाका पुस्तकहरुको सम्पादन गरिसकेका छन् । नेपाली, हिन्दी र अंग्रेजी भाषामा दखल प्राध्याक विश्वकर्माको 'विश्व हिन्दी यात्रा' लगायतका पुस्तकसहित 'नेपाली लघुकथा संग्रह' प्रकाशन भईसकेको छ भने 'नेपालको दलित समुदाय' प्रकाशोन्मुख अवस्थामा छ ।

भाषा, कला साहित्यसँगै पत्रकारितामा समेत सक्रिय प्राध्यापक विश्वकर्माको नेपाली भाषाका ८० र हिन्दी भाषाका ६० भन्दा बढी लेख रचनाहरु प्रकाशन भईसकेको छ ।

लोकसमिक्षा साप्ताहिक पत्रिका, द सोसलिष्ट त्रैमासिक पत्रिकाका सम्पादक समेत रहनुभएका पिएचडी स्कलर विश्वकर्मा हाल सोसलिष्ट टिभी यूट्यूव च्यानलको कार्यक्रम प्रस्तोता समेत हन् ।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५


## डिप्रेसन गम्भीर प्रकृतिको मानसिक रोग हो।

यसका लक्षणहरु;

- दुःखी र निराश हुनु, कुनै कुरामा चाख र ध्यान केन्द्रित नहुनु,
- निन्द्रा धेरै लाग्नु वा नलाग्नु, थकान महसुस हुनु,
- कुनै पनि कुरामा खुशी नहुनु,
- जीवन मूल्यहीन ठान्नु र भविष्यप्रति आशावादी नहुनु,
- आत्महत्यासम्मको विचार आउनु,

यसबाट बच्न,

- परिवार, साथीभाई तथा समाजमा घुलमिल हुने,
- नियमित रुपमा शारिरिक अभ्यास, योग तथा ध्यान गर्ने,
- निश्चित समयमा सुत्ने र उठ्ने,
- स्वस्थ र सन्तुलित खाना खाने,
- धुम्रपान र मदिरापानजस्ता कुलतबाट टाढा रहने,
- बाबुआमा तथा अभिभावकले बालबालिकालाई समय दिने,
- केही समस्या देखिएमा तुरुन्त स्वास्थ्यकर्मीसँग परामर्श गर्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
HBL Himalayan Bank Ltd
BATAS
CG Money
CHAUDHARY GROUP


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*